**छिमेक लघुवित्त वित्तीय संस्था लि.**
**CHHIMEK LAGHUBITTA BITIYA SANSTHA LTD.**
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था)
"ग्रामिण विकासको आधार लघुवित्तको गुणात्मक विस्तार"
**मध्येबानेश्वर, काठमाण्डौ**
**Phone/Fax No : 4490513, 4465785, Email: cbbhtd@ntc.net.np**

# १७औ वार्षिक साधारण सभा सम्बन्धी सूचना

यहि मिति २०७६/०१/०६ गते बसेको संचालक समितिको २२७औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको १७औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०७६/०१/३० गते सोमबार (तदनुसार १३ मे, २०१९)

**समय** : बिहान १०.३० बजे ।

**स्थान** : मकवानपुरको हेटौंडा स्थित होटल सामना प्रा.लि को सभाहल ।

**छलफलका विषयहरु:**

**१. सामान्य प्रस्ताव**

(क) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नेहुने आर्थिक बर्ष २०७४/०७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(ख) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७४/०७५ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तिय विवरणहरु तथा सम्वन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

(ग) बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०७५/०७६ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (बर्तमान लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनीका श्री सुन्दरमान श्रेष्ठ ऐन बमोजिम पुन:नियुक्त हुन सक्नुहुनेछैन ।)

(घ) संचालक समितिले सिफारिस गरे बमोजिम आ.व.२०७४/०७५ को मुनाफावाट हाल कायम चुक्ता पूँजीको २२ प्रतिशतले हुनआउने रकम रु.२२,००,००,००० (अक्षरेपी बाईस करोड मात्र) नगद लाभांश (बोनश शेयरमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

(ङ) यस वित्तीय संस्थाका अध्यक्ष एवं संचालक वित्तीय संस्थाको कामको शिलशिलामा स्वदेश भ्रमण गर्दा रु.२२०० दैनिक भ्रमण भत्ता, बास्तविक बिल बमोजिमको यातायात खर्च र लजिङ्ग खर्च उपलब्ध गराउन स्वीकृत गर्ने ।

(च) यस वित्तीय संस्थाको आन्तरिक समिति/उपसमितिको बैठकमा उपस्थित हुने संचालकलाई बैठक भत्ता उपलब्ध गराउने एवं यस्तो भत्ता संचालक समितिको बैठकमा उपस्थित हुँदा पाउने बैठक भत्ता बराबर हुनेगरि स्विकृत गर्ने ।

**२. विशेष प्रस्ताव**

(क) संचालक समितिवाट सिफारिश भए बमोजिम आ.व.२०७४/०७५ को मुनाफावाट हाल कायम चुक्ता पूँजीको १८% का दरले हुन आउने रकम रु.१८,००,००,०००.०० (अक्षरेपी अठार करोड रुपैया मात्र) बराबरको बोनश शेयर जारि गरि वित्तीय संस्थाको जारी तथा चुक्ता पूंजी रु.१,१८,००,००,०००.०० (अक्षरेपी एक अर्ब अठार करोड रुपैया मात्र) पुर्‍याउने सम्बन्धि प्रस्ताव स्विकृत गर्ने ।

(ख) वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीका केही दफा/नियमहरुको संशोधन स्विकृत गर्ने तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन/परिमार्जन गर्न संचालक समिति (वा संचालक समितिले तोकेको पदाधिकारी) लाई अधिकार दिने ।

**३. विविध**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धमा अन्य थप जानकारी :**

१. **शेयरधनी दर्ता किताब बन्द रहने** : १७औं बार्षिक साधारण सभा तथा लाभांश प्रयोजनका लागि वित्तीय संस्थाको शेयर दाखिल खारेज यही मिति २०७६/०१/१६ देखि २०७६/०१/३० गते सम्म बन्द रहनेछ । शेयर दाखिल खारेज बन्द गरिएको मिति भन्दा अगावै अर्थात् मिति २०७६/०१/१५ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा कारोबार भई तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौमा शेयर नामसारीको लागि प्राप्त विवरणका आधारमा कायम रहेका शेयरधनीहरु यस साधारण सभामा भाग लिन तथा लाभांश पाउन योग्य हुने ब्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि सुचित गरिन्छ ।

२. बार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण वा परिचय खुल्ने कुनै आधिकारीक प्रमाणपत्र साथमा लिएर आईदिनुहुन अनुरोध छ । वित्तीय संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा वित्तीय संस्थाको आधिकारीक पत्र पेश गर्नुपर्नेछ ।

३. १७औं वार्षिक साधारण सभाको प्रतिवेदन शेयरधनीहरुको ठेगानामा हुलाक/कुरियर वा अन्य कुनै माध्यमबाट पठाइनेछ । कुनै कारणवस उपरोक्त प्रतिवेदन प्राप्त नगर्नुहुने शेयरधनी महानुभावहरुले यस वित्तीय संस्थाको वेबसाइटमा पनि हेर्न सक्नुहुनेछ । साथै, वित्तीय संस्थाको केन्द्रीय कार्यालय, मध्यबानेश्वर वा वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लि., नागपोखरी र सभा हुने दिन सभा स्थलबाट समेत प्राप्त गर्न सक्नु हुनेछ ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ती गर्न र मत दिन समेत सक्नेछन ।

५. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभाहुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी उपस्थिति पुस्तिका बिहान ९:०० बजेदेखि खुल्ला रहनेछ ।

६. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा वित्तीय संस्थाको शेयरधनीहरुलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन मिति २०७६/०१/२८ गते बिहानको १०:३० बजे (अर्थात् सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै) भित्र वित्तीय संस्थाको मध्ये बानेश्वर-३१, काठमाण्डौ स्थित केन्द्रीय कार्यालय वा हेटौंडा, मकवानपुर स्थित कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

७. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।

८. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्था सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनु हुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

९. अन्य थप जानकारीका लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**Published on Nagarik News Paper on : 2076-01-08**